परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष ११ ❑ अंक २१ २०७९ पौष १० गते आईतवार Sunday 25, DEC 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रहरी कार्यलय रानी अगाडी चिया पसल संचालन गर्दै आएकी एक महिलाद्धारा लाखौं ठगी गरी वेपत्ता

विराटनगर । ईलाका प्रहरी कार्यालय रानी अगाडी चिया पसल संचालन गर्दै आएकी एक महिलाले सोही ठाउँको स्थानीहरुको लाखौ रकम ठगी गरी वेपत्ता भएकी छन् ।

विराटनगर महानगरपालिका वडा नं. १२ स्थायी घरभई अस्थायी रुपमा विराटनगर-१५ बस्दै आएकी र २०/२५ वर्ष देखि इलाका प्रहरी कार्यालय रानी अगाडी चिया पसल संचालन गर्दै आएकी ५६ वर्षिय गायत्री भट्टराईले विभिन्न प्रलोभन देखाई जर्दनौ स्थानीय व्यक्तिहरुलाई ठगी गरी वेपत्ता भएको स्थानीयहरुले आरोप लगाएका छन् ।



ठगीमा परेका स्थानीयहरु नेपाल पत्रकार महासंघमा पत्रकार सम्मेलन गर्दै ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा नितु साह लगायतको महिला पूरुषहरुले पत्रकार सम्ममेलन गरी विभिन्न प्रलोभन देखाई दर्जनभन्दा वढी स्थानीयहरुको करीब ५० लाख रुपियाँ ठगी गरी वेपत्ता को वताईन ।

शूरुमा २०/३० हजार सापटी पैचोको कारोवार गरे त्यसपछि घरायसी काम भनेर अषाढ तिर २ लाख मागे विश्वास लागेर दिए फेरी छोरी अस्पतालमा छ भनी फेरी २ लाख मागे त्यो पनि दिए । त्यसपछि तिम्रो ४ लाख तिर्नु छ बैकवाट ऋण लिन केही पैसा खर्च हुन्छ त्यसको लागि अझै ५० हजार देउ भनेपछि आफ्नो गरगहना राखेर ५० हजार दिए पछि भट्टराईले भने त्यो ऋण लिएर तिम्रो सम्पूण रकम चुनाव पछि मंसिर ७ गते तिरी दिन्छु भनेका थिए । सो विश्वासमा पैसा दिएको थिए । तर मंसिर ७ गते रकम चुक्ता गर्नुको सट्टा भट्टराई वेपत्ता भएको नितु साहले वताईन ।

नितु साहलाई मात्रै ठगेकी होईन त्यसैगरी विराटनगर-१५ कीसुकुम तामाङको ३ लाख, आरती साह घिमिरेको २ लाख, पूजा साहको १ लाख ७० हजार, लक्ष्मण साहको २ लाख ५० हजार, मगली क्षेत्रीको २ लाख ५० हजार लगायत दर्जनौको करीब ५० लाख रकम लिएर वेपत्ता भई काठमाण्डौमा छोरीको घरमा आएको पिडितहरुले वताए ।

भट्टराईले आफू विभिन्न वित्तिय संस्थाको संचालक भएको ती संस्थाको सदस्य वनाई शेयर धनी वनाई दिने भन्दै प्रलोभन देखाएर ठगी गरेको स्थानीयहरुले आरोप लगाएका छन् ।

रकम दिएको कुनै प्रमाण नभएकोले केही कारवाही गर्न नमिल्ने भनेर ठगीमा परेका स्थानीयहरुलाई इलाका प्रहरी कार्यालय रानीका प्रमुखले फर्काई दिएपछि पिडितहरुले पत्रकार सम्मेलन गरेका हुन् ।

## अहिलेकै सरकारको निरन्तरता राष्ट्रिय परिदृश्य : मुख्यमन्त्री

विराटनगर । प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले कुनै चमात्कारिक अवस्था बाहेक यही सरकारको निरन्तरता हुने राष्ट्रिय परिदृश्य बन्दै गएको उल्लेख गर्नुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आयोजित चालु आर्थिक वर्ष २०७९/०८० को प्रथम चौमासिक प्रगति समीक्षालाई सम्बोधन गर्दै उहाँले निर्वाचनपछि सरकार परिवर्तन हुनु स्वभाविक भएको उल्लेख गर्नुभयो ।

'सरकार परिवर्तन नहोला भन्दिनँ तर यही गठबन्धनको सरकार बन्ने राष्ट्रिय परिदृश्य म देख्दैछु' मुख्यमन्त्री राईले भन्नुभयो । मुख्यमन्त्री राईले कर्मचारी स्थायी सरकार भएको स्मरण गराउनुहुँदै आफूले सरकार सञ्चालनका क्रममा कर्मचारीलाई सहयोगीभन्दा सल्लाहकारको रुपमा लिएको बताउनुभयो । 'कर्मचारीका सवालमा हिजो हामीले कुनै रंग हेरेनौं, बिरालो कालो होस् वा सेतो मुसा मारे पुग्छ भनेझैं हामीलाई काम चाहिएको छ' उहाँले भन्नुभयो । मुख्यमन्त्री राईले कर्मचारी जागीर खान मात्रका लागि नभई कामका लागि भएकाले सबै कर्मचारीले पाएको र दिइएको जिम्मेवारी अनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो ।

सरकार फेरिने प्रक्रियालाई स्वभाविक रुपमा लिनुपर्ने बताउँदै एउटा सरकारले गरेको कामको दायित्व र जिम्मेवारी अर्को सरकारका लागि बोझ नहोस् भन्नेतर्फ कर्मचारी नै सजग हुनुपर्ने धारणा व्यक्त मुख्यमन्त्री राईले भने आफू सरकारको नेतृत्वमा आउनुपूर्व पूर्ववर्ती सरकारले बहुवर्षीय योजना सहितका टुक्रे योजनामा गरेको खर्चले निकै ठूलो तनाव सहनुपरेको उल्लेख गर्नुभयो । 'जोसुकैको सरकार होस् स्रोत सुनिश्चित छैन भने बजेटमा उल्लेख नगरौं भनेर कर्मचारीले भन्न सक्नुपर्छ, हैन भने अर्कालाई भार पर्छ' मुख्यमन्त्री राईले भन्नुभयो, 'म कर्मचारी वर्गलाई भन्न चाहान्छु नहुने, नमिल्ने काम छ भने निर्धक्क भएर हुँदैन भन्नुपर्छ, अनि हुने काम

वांकी अन्तिम पेजमा...

## सांस्कृतिक अभियान कर्मीहरुलाई गर्भ महसुश

विराटनगर, पौष ८ गते । प्रतिनिधीसभा र प्रदेशसभाको सदस्यहरुले आ-आफ्नो मातृभाषा मा सपथ ग्रहण गर्न पाउने भएपछि सामाजिक सांस्कृतिक अभियान कर्मीहरु गर्भ महसुश गरेका छन् ।

नेपाल सरकारको संघीय संसद सचिवालयले २०७९ पौष ४ गते र प्रदेश सरकारको प्रदेशसभा सचिवालय २०७९ पौष ५ गते प्रकाशित गरेको शपथ ग्रहण कार्यक्रमको सूचना अनुसार नेपालमा बोलिने मातृभाषाहरू मा जनताबाट निर्वाचित प्रतिनिधि सभा तथा प्रदेश सभाका माननीयहरुले शपथ ग्रहण गर्नको लागि गरेको सूचना प्रशंसनीय रहेको भन्दै नेपाल पिछडा वर्ग (ओविसी) महासंघ केन्द्रिय महासचिव जय प्रकाश महतोले प्रेस विज्ञप्ती प्रकाशित गरी दुवै सचिवालयलाई धन्यवाद दिएका छन् ।

विज्ञप्तीमा अगाडी भनिएको छ हामी सार्वभौम सत्ता सम्पन्न नेपाली जनता रहेको प्रमाणित गर्दछ । सबै भाषा, संस्कृति र भेषभूषाको सम्मान गरेको छ । नेपाल सरकारको सघीय संसद सचिवालय र प्रदेश सरकारको प्रदेश सभा सचिवालयलले नेपालको स्वतन्त्रता, सार्व भौमिकता, भौगोलिक अखण्डता, राष्ट्र एकता, स्वाधीनता र स्वाभिमानलाई

वांकी अन्तिम पेजमा...

## लालपूर्जासिंग विरुवा वितरण अभियान सञ्चालन

विराटनगर । नापी कार्यालय धनुषाले जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) वितरण संगसंगै विरुवा बितरणअभियान पनि सञ्चालन गरेका छन् ।

वन अधिकृत सुरेश शर्मासंगको छलफल अनुसार ट्रायलको रुपमा कार्यालयले गत आर्थिक वर्षमा साबिकको देउरी परबाहामा लालपूर्जासंगै विरुवा बितरण गर्दा जनमानसमा सकारात्मक उत्साह प्रदान गरेकोले यस आर्थिक बर्ष पनि निरन्तरता दिइएको कार्यालय प्रमुख सुमन मिश्रा जानकारी गराउनु भयो ।

शुक्रवार र शनिवार जनकपुरधाम उपमहा नगरपालिका वडा नं. २५ (साविक लोहना) मा १ पूर्जा १ विरुवा बितरण गरेको थियो । लालपूर्जा बितरणसंगै पर्यावरण संरक्षण अभियानलाई जोडन विरुवा बितरण गरेका छन् ।

सो दुई दिनमा करिब ६ सय जग्गा धनी प्रमाणपत्र ( लालपूर्जा) संगै ६ सय विभिन्न जातका विरुवाहरु बितरण गरिएको थियो । उक्त कार्यका लागि अभिप्रेरित गर्ने वन अधिकृत सुरेश शर्मा, बिरुवा उपलब्ध गराउने डिभिजन वन कार्यालय धनुषाले उत्साह पूर्वक सहभागी सम्पुर्ण स्थानीय बासिन्दा प्रति आभार सहित धन्यवाद ज्ञापन गरेका थिए ।

चालु आर्थिक बर्षमा १० हजार लालपूर्जा संगै १० हजार विरुवा बितरण गरिने अमिन रामडुलर साहले वताए । लालपूर्जा संगै विरुवा बितरण प्रति स्थानीय वडाध्यक्ष, बुद्धिजिवी, नागरिक समाज, महिला लगायत सम्पूर्ण स्थानीयवासी खुशी प्रकट गर्दै धन्यवाद सहित भविष्यमा समेत पर्यावरण संरक्षण अभियानमा आफूहरूको सहयोग र सहकार्य रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।



# माईती नेपालको प्रगती विवरण सार्वजनिक



विराटनगर। माईती नेपाल विराटनगरले रानी सिमानाकामा रहेर सन् २०२२ को जनवरी देखि डिसेम्बर सम्मको कार्यप्रगती विवरण सार्वजनिक गरको छ।

माईती नेपालको विराट नगर-१३ मा रहको कार्यालयमा एक कार्यक्रमको आयोजना गरी माईती नेपाल मोरंग संयोजक विनोद पोखरेलले प्रगती विवरण सार्वजनिक गरेको हो।

सार्वजनिक गरिएको विवरण अनुसार विभिन्न वहानामा भारत तर्फ जान लाग्दा सिमा क्षेत्रवाट रोक्ने, उदार गर्ने, हराएको फेला पर्ने, मानव वेचविखन मा मुद्दा चलाउन, बलात्कार र घरेलु हिंसा लगायत विभिन्न कृयाकलाप अन्तर्गत जम्मा २ सय ९६ जनालाई उद्धार गरेका छन्।

मानव वेचविखनवाट रोक्ने काम १३१, उद्धार १, हराएको निवेदन ४७, हराएको मध्ये फेलापारेको ११, मानव वेचविखन मुद्दा १, बलात्कार मुद्दा १ र घरेलु हिंसाका १०४ रहेका छन्।

भारत तर्फ विभिन्न वहानामा लाने क्रममा माईती नेपालले जातिको आधारमा ब्राह्म र क्षेत्री २५ जना, राई, लिम्बु र मगर २५ जना, लामाङ र लामा ९ जना, वि.क परियार १८ जना, तराईवासी ८ जना मुस्लिम ५ जना, अग्रवाल १ जना, चौधरी र राजवंशी ३४ जना, माझी, धामी र दनुवार १ जना, धिमाल, भेजेल, उराउ २ जना र नेवार ३ जना गरी रहेको पोखरेलले वताए।

## सांस्कृतिक...

अक्षुण्ण राखेको छ।

बहुजातिय, बहुभाषिय, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता विचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवधन गर्दै वर्गीय, जातीय, क्षेत्रिय, भाषिक, धार्मिक स्वतन्त्रताले सम्मान पाएको र लोकतन्त्रको महसुस आम नेपाली जनतालाई गराएको छ। तसर्थ, सबै प्रतिनिधि तथा प्रदेश सभा सदस्यका माननीयहरुले आ आफ्नो सास्कृतिक पहिरणमा उपस्थीत भई आ- आफ्नो मातृभाषामा शपथ ग्रहण गर्न विज्ञप्ती मार्फत अनुरोध गरेका छन्।

## अहिलेकैं...

छ भने स-सना छिद्र खोजेर अल्झाउनु पनि हुँदैन।' उहाँले नागरिकलाई आपतविपद् पर्दा सरकार छिटो परिचालन भएको महशुस हुनेगरी काम गर्नुपर्नेमा जोड दिनुभयो।

प्रगति समीक्षा कार्यक्रममा प्रदेश सरकारअन्तर्गतका विभिन्न १७ वटा मन्त्रालय तथा निकायको प्रगति विवरण प्रस्तुत गरिएको थियो। विभिन्न मन्त्रालय तथा निकायबाट प्रगति विवरण प्रस्तुत भएपछि प्रदेश नं. १ का निमित्त प्रमुख सचिव किशोरकुमार चौधरीले प्रदेश सरकारको समग्र अवस्था र आगामी दिनमा गर्नुपर्ने कामका विषयमा प्रकाश पार्नुभएको थियो।

## मधेश...

भए। यसरी मधेसको राजनीतिमा निकै बदलाव आएको छ।

हिजोको शक्ति खुम्चिनु र नयाँ शक्तिको आगमन हुनले मधेसको राजनीतिमा ठूलो अर्थ राख्छ। अर्कोतिर ठूला दुई पार्टी कांग्रेस र एमाल नै मधेसमा ठूला पार्टी बनेका छन्। क्षेत्रीय पार्टीहरु मधेस अनुकूल नहुनु र जनताको सुखदुःखमा साथ नदिनु तथा जनअपेक्षा पूरा नगर्नुका कारणले मधेसको राजनीतिमा अस्वीकृत भएका हुन्। मधेसमा राष्ट्रिय दलहरुले जसरी वर्चस्व राख्न सफल भए त्यसरी नै मधेसका मागहरुप्रति सजग र संवेदनशील भई संविधान संशोधन गर्नुपर्छ। अनिनत्र राष्ट्रिय पार्टीहरु साख मधेसमा निरन्तर रहनेछ।




# चोरी मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

विराटनगर।१ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगर (रिट) समुहले विभिन्न मुद्दाका फरार प्रतिवादीहरुलाई प्रहरी टोलीले पक्राउ गरेका छन्।

पक्राउ पर्नेमा चोरी मुद्दाको फरार प्रतिवादी बिराटनगर महानगरपालिका-९ का २९ बर्षीय मोहम्मद आलम मियाँ रहेका छन्।

चोरी मुद्दामा सम्मानित मोरङ जिल्ला अदालतको मिति २०७९ भदौं ५ गतेको सजाय निर्धारण फैसला आदेशले १७ दिन कैद र १० हजार रुपैया जरिवान बेरुजु रहि फरार रहेका मियाँलाई गाउँघरमा नै लुकिछीपि बसेको अबस्थामा प्रहरी टोलीले पक्राउ गरी सम्मानित मोरंग करागार पठाइएको छ।

त्यसैगरी चोरी मुद्दाकै फरार प्रतिवादी ईटहरी उप-महानगरपालिका-४ का १९ बर्षीय शिवनाथ ठाकुर रहेका छन्।

चोरी मुद्दामा सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०७९ बैशाख ६ गतेको सजाय निर्धारण फैसला आदेशले १ महिना ९ दिन कैद सजाय तोकी फरार रहेका ठाकुरलाई गाउँ घरमा नै लुकिछिपि बसेको अवास्थामा प्रहरीले पक्राउ गरेको हो।

पक्राउ परेका ठाकुरलाई कैद भुक्तानको लागि झुम्का कारगार पठाईएको छ।




बैदेशिक रोजगारीमा जाँदा सचेत रहौं

- आधिकारीक कागजातका आधारमा मात्र बैदेशिक रोजगारीमा जाऔं।
- आधिकारीक कागजात नहुँदा बैदेशिक रोजगारीमा जाने कामदारहरुले :
  - करार बमोजिम काम र सुविधा नपाउने।
  - विदेशी भूमिमा पिडित बन्नुपर्ने,
  - स्वदेश फर्कन कठिन हुने,
  - कतिपय अवस्थामा जेलसजाय भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

### लोभलालच छोडौ विकासमा लागौ

*प्रतिनिधीसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भई प्रतिनिधी सभाका माननीय सदस्यहरूले सपथ ग्रहण समेत गरी सकेका छन् । सरकार वनाउन दुई तिहाई वहुमत पुऱ्याउन पहिलो दल बनेका नेपाली काँग्रेसले कसरत जारी राखेका छन् भने दोस्रो दल बनेका नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पनि आफ्नो अंक गणितिय जोड घटाउन गरी रहेका छन् । मंसिर ४ गते भएको प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचनमा आम नेपाली जनताले कसैलाई पनि एकलौटी बहुमत दिएका छैनन् । यसको यर्थ यो हुन्छ कि तिमीहरू झगडा नगर आ-आफ्ना पार्टीले पाएका मतको हैसियत अनुसार सरकारमा सहभागी भई देशको विकास निर्माण र समृद्धिमा लाग्न सबैको दायित्व र कर्तव्य हो तिमीहरू मिलेर जाऔ, देश बनाउ नै आम नेपाली जनताका चाहना हो ।*

*मुलुकको परिवर्तन कारी शक्तिको रूपमा चिनिएका नेपाल म्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले मूलुकको तेस्रो दल बनेको छ । तर नेकपा माओवादीका अध्यक्ष एव संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्डले आफू प्रधानमन्त्ती बन्ने चाहनाले सरकार बनाउन हल्लो अड्केको हो । पहिलो दल नेपाली काँग्रेसले पनि प्रधानमन्त्री र राष्ट्रपति दुवै काँग्रेसदे पाउनु पर्ने अडानले किचोलो बढ्दै गएको छ भने यस्तै अवस्था रहे मध्यावदी चुनावमा जानु पर्ने हुन्छ दोस्रो दल बनेका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले दावी गरी रहेका छन् । प्रधानमन्त्री बन्ने दौडमा रहको नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवा, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका पुष्पकमल दहाल र नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी शर्मा ओली यी तिनै जनाले प्रधानमन्त्री बनिसकेका पुरानै अनुहार हुन यीनीहरूवाट मुलुकमा विकास हुन्छ भन्ने जनतालाई लागेको छैनन ।*

*यी तीनवटै पार्टी र तीनवटै अनुहार वाहेक नयाँ पार्टी र नयाँ अनुहार भएका नेतालाई प्रधानमन्त्री बनाउँदा कुनै पनि पहाड छुट्दैन । अखिर ती मन्त्री परिषद्मा सवैका सहभागीता हुन्छ । सबैले मिलेरै काम गर्नु पर्छ । मिल्नुको विकल्प छैन भने कुर्सीकै लागि किन लाडाई गरी रहने ? ती तीनवटै पार्टी र तीनवटै अनुहार बाहेकका दर्जनौ व्यक्ति छन् जसले देश र जनताको लागि अनेको उदाहरनीय कामहरू गरको छन् । त्यसलार्य नै आधार मानेर सन्तोषम् परम सुखम हिन्दी मुहावरालार्य आत्मसात गरी सबै पार्टी वा केही पार्टीहरू मिलेर सरकार बनाऔ देशमा विकास र समृद्धि लिऔं । यही अहिले मुलुको आवश्यकता पनि हो ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# मधेश केन्द्रित दलहरुको पराजयका कारणहरु

**रामनारायण देव**

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनपछि नतिजा पनि आइसकेको छ। निर्वाचनमा विजयी ठूला दलले सरकार बनाउन विचार विमर्श सुरु गरिसकेका छन्। निर्वाचनमा नेपाली कांग्रेसले प्रत्यक्ष तर्फ ५७ तथा समानुपातिक तर्फ ३२ वटा स्थानमा विजयी भएर संसद्मा सबभन्दा ठूलो दल बनेको छ भने नेकपा (एमाले)ले प्रत्यक्षतर्फ ४४ र समानुपातिकतर्फ ३४ स्थान जितेर दोस्रो ठूलो दल बनेको छ। त्यस्तै माओवादी प्रत्यक्ष १८ र समानुपातिक १४ गरी ३२ स्थानमा, राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ ७ र समानुपातिक १३ गरी २० स्थानमा, राष्ट्रिय प्रजातन्त्र पार्टी प्रत्यक्ष ७ र समानुपातिक ७ गरी १४ स्थानमा, जनता समाजवादी (जसपा) प्रत्यक्ष ७ तथा समानुपातिक ५ गरी १२ स्थानमा विजयी भएका छन्। नेकपा (एकीकृत समाजवादी)ले भने प्रत्यक्ष १० स्थानमा जिते पनि ३ प्रतिशत थ्रेस होल्ड पार नहुँदा समानुपातिकमा विजयी हुन सकेन।

मधेसमा नयाँ खोलिएको पार्टी जनमतले प्रत्यक्षतर्फ १ र समानुपातिकतर्फ ५ स्थान गरी ६ जना सांसद बनाउन सफल भएको छ। अर्को मधेस केन्द्रित दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले भने प्रत्यक्षतर्फ ४ स्थान जिते पनि ३ प्रतिशत थ्रेसहोल्ड कटाउन नसकेकाले समानुपातिकमा मत ल्याउन सकेन। त्यसैगरी पश्चिम तराईको नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्षमा ३ स्थान, राष्ट्रिय जनमोर्चाले १ तथा नेपाल मजदुर किसान पार्टीले १ स्थान ल्याएको छ। यिनीहरु कसैले पनि ३ पतिशत थ्रेस होल्ड नकटाउँदा समानुपातिकमा एउटा पनि स्थान ल्याउन सकेनन्। स्वतन्त्र उम्मेवार ५ जना विजयी भए।

दलहरु अब सरकार बनाउने कसरतमा छन्। सरकार बनाउन विभिन्न विकल्पको चर्चा भइरहेको छ। वर्तमान कांग्रेस नेतृत्वको गठबन्धनलाई नै निरन्तरता दिने विचारमा केही छन् भने केही कांग्रेस, एमाले र मधेस केन्द्रित दल मिलेर सरकार बनाउने सोचाइमा देखिन्छन्। एमालेले कांग्रेसलाई पाँच वर्षको पूरा पदावधिलाई समर्थन गर्ने विचारसमेत प्रवाह गरिएको छ। यद्यपि, यसरी एमालेले कांग्रेसलाई दिने भनिएको समर्थन बीचैमा फिर्ता लिएर मध्यावधिमा जाने सोच रहेको पनि विश्लेषण गरिएको छ।

प्रतिनिधि सभा (संसद्)मा कुनै पनि पार्टीको बहुमत नपुगेकाले गठबन्धन सरकार नै बन्ने प्रष्ट छ। मधेसमा भने मधेस केन्द्रित दलहरुले विगतभन्दा धेरै कम स्थान पाएकोमा धेरै चर्चा भइराखेको छ। विसं २०७४ मा जसपा तथा लोसपा संयुक्तरुपमा चुनाव लड्दा बहुमत ल्याई मधेस प्रदेशमा सरकार बनाउन सफल भएका थिए। भनिन्छ- यसपटक अलगअलग गठबन्धनबाट चुनाव लड्दा अपेक्षितरुपमा सिट ल्याउन सकेनन्। यो विश्लेषण सतहमा सही देखिए पनि आन्तरिकरुपमा हारका अन्य कारण पनि छन्। तिनको चर्चा गर्नु आवश्यक छ।

सर्वप्रथम २०६३ सालको मधेस आन्दोलनबाट उदाएको मधेसी जनअधिकार फोरमपछि राजनीतिक पार्टीको रुपमा स्थापना भई २०६४ को निर्वाचनमा राम्रै मत ल्याएर संविधान सभामा चौथो दलको रुपमा देखा पर्यो। फोरमको स्थापना २०५४ सालमा माओवादीको एउटा भातृ संगठनको रुपमा भएको थियो। विसं २०६३ सालको अन्तरिम संविधानमा संघीयताको उल्लेख नगरिएकाले फोरमका कार्यकर्ताले अन्तरिम संविधानको प्रति जलाए। त्यस क्रममा पक्रैर थुने।

त्यसविरुद्ध मधेस बन्दको आह्वान गरियो। सिरहाको लहानमा राजमार्ग बन्द गरी फोरमका कार्यकर्ताले यातायात ठप्प बनाए। त्यसैबीच पूर्वबाट आएका माओवादी कार्यकर्ता चढेको गाडी उनीहरुले रोके। दुवै पक्षबीच वादविवाद भएपछि सियाराम शर्मा बडही नामका माओवादीका कार्यकर्ताले गोली चलाउँदा स्थानीय विद्यार्थी रमेश महतोको घटना स्थलमै मृत्यु भयो। यस दुःखद घटनापछि मधेसका अन्य जिल्लामा पनि आन्दोलनको आगो झै दन्कियो। हुँदाहुँदै धेरै हताहत भए। लामो समयसम्म बन्द हडताल भएपछि तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाख कोइरालाको सरकारले सम्झौता गरेर आन्दोलन शान्त बनायो।

त्यसपछि अन्तरिम संविधानमा संशोधन गरी 'संघीयता' भन्ने शब्द थपियो। यसै आन्दोलनको रापतापबाट २०६४ को संसदीय चुनावमा फोरमले उल्लेखनीय सफलता पाएर चौथो शक्ति बन्यो। मधेस आन्दोलनको सफलतापछि नेपाली कांग्रेसका पुराना नेता महन्थ ठाकुरले पार्टीबाट अलग भई 'तराई मधेस लोकतान्त्रिक पार्टी' गठन गरे र पुनः मधेस आन्दोलन गरे। उनले पनि सरकारसित सहमति गरेर आन्दोलन स्थगित गरे। यसरी दुई पटक मधेस आन्दोलनको सफलतापश्चात कांग्रेस र कम्युनिस्ट पार्टीमा रहेका मधेसी मूलका नेता कार्यकर्ता फोरम र तमलोपामा प्रवेश गरे।

यसरी दुईवटा मधेस केन्द्रित दलहरुको शक्ति उभिएर आए भने अघिदेखि नै संसदीय राजनीतिमा रहेका नेपाल सद्भावना पार्टीसमेतले गर्दा मधेसवादी शक्ति बलियो रुपमा देखा पर्यो। तर यो शक्ति २०६३/६४ सालको प्रथम निर्वाचनसम्म मात्र देखियो। पछि नेताहरुको व्यक्तित्व र स्वार्थको टकरावले लामो अवधि टिक्न सकेन। विसं २०७० सालको निर्वाचनमा संसद्मा मधेसी दलको स्थिति कमजोर भयो। निर्वाचनको नतिजापछि फोरम र तमलोपाले पटकपटक एकता गरे तर पनि टिकेन।

मधेस केन्द्रित राजनीतिमा मात्र सीमित फोरम, तमलोपाले पहाडलाई पनि कार्यक्षेत्र बनाउने क्रममा पार्टीको नामै परिवर्तन गरे। फोरमले एमालेबाट छुट्टिएका अशोक राई र माओवादीबाट छुट्टिएका बाबुराम भट्टराईको नयाँ शक्ति पार्टीसित एकता गरी संघीय समाजवादी पार्टी बनायो भने तमलोपाले मधेसवादी दल सद्भावना, फोरम (गणतन्त्रवादी)हरु सित एकता गरेर लोकतान्त्रिक समाजवादी पार्टी गठन गरे। पछि लोसपा र जसपा एक भई जसपा बने। पुनः दुईवटै अलग भए। विसं ०७४ सालको चुनावमा जसपा तथा लोसपा संयुक्त भई चुनाव लड्दा राम्रै सिट ल्याएका थिए। यसपटक अलग भई चुनाव लड्दा दुवै कमजोर भए।

उता लोसपाबाट अलग भई वृषेशचन्द्र लालले पुरानो पार्टी तमलोपालाई पुनः गठन गरे। यसपटकको चुनावमा भाग लिए तर एउटा सिट पनि ल्याउन सकेनन्। महत्त्वपूर्ण कुरा के छ भने उपेन्द्र यादव नेतृत्वको जसपा कांग्रेस नेतृत्वको गठबन्धन सरकारलाई समर्थन गरि सरकारमा पनि सहभागी भयो। लामो समय सत्ता भोग पनि गर्यो। तर चुनावको घोषणापछि गठबन्धनसित सिट बाँडफाँटमा कुरा नमिलेपछि एमालेसित चुनावी तालमेल गरी निर्वाचनमा होमियो। फलस्वरुप प्रत्यक्षमा ७ र समानुपातिकमा ५ सिटमा खुम्चियो। उता लोसपाले गठबन्धनसित मिलेर चुनाव लड्दा पनि प्रत्यक्षमा ४ सिट ल्यायो तर थ्रेस होल्ड कटाउन नसक्दा समानुपातिकमा सिट ल्याउन सकेन।

यसरी दुवै मधेस केन्द्रित दल १६ सिटमा सीमित हुन पुगे। नवोदित जनमत पार्टी मधेसमा पहिलो चुनावमै प्रत्यक्षमा १ र समानुपातिकमा ५ गरी ६ जना सांसद सहित संसदमा प्रवेश गरेको छ। यसका अध्यक्ष सीके राउत सुरुमा पृथकतावादी आन्दोलनमा थिए। पछि सरकारसित २०७७ फागुनमा सम्झौता गरी राष्ट्रिय मूलधारको राजनीतिमा आए। मूलधारको राजनीतिमा आएपछि चुनाव लडेर आधा दर्जन सिट प्राप्त गरे।

सीके राउतले आफ्नो गृह जिल्ला सप्तरीको निर्वाचन क्षेत्र नं. २ बाट राष्ट्रिय राजनीतिमा प्रभावशाली भूमिका रहेका जसपाका अध्यक्ष उपेन्द्र यादवलाई भारी बहुमतले हराए। पहिलो चुनावमै अध्यक्ष राउत मधेसमा स्थापित

वांकी पांच पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

बांकी ५ पेजमा..

# जग्गा प्राप्तीका लागि गठित समितिले बुझायो प्रतिवेदन

विराटनगर । प्रदेश नं. १ राजधानीका लागि प्रशासनिक संरचनाहरू बनाउन जग्गा व्यवस्थापनका लागि गठित समितिका संयोजक आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले आईतवार मुख्यमन्त्री राजेन्द्रकुमार राईसमक्ष प्रतिवेदन बुझाउनुभएको छ ।

मन्त्री कार्कीले मुख्यमन्त्रीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन बुझाउनुभएको हो । प्रतिवेदन बुझाउने क्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव ईश्वरकुमार गिरी, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार जीवन राईको पनि उपस्थिति थियो ।

गत वर्षको माघ १६ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश नं. १ राजधानीका लागि प्रशासनिक संरचनाहरू बनाउन जग्गा व्यवस्थापन गर्न भनेर आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले यस अवधीमा सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक जग्गाको माग गरेको थियो । सोअनुरुप विभिन्न स्थानबाट जग्गा दिने प्रतिवद्धता प्राप्त भएको कार्यदलका संयोजक एवं आन्तरिक मामिला तथा कानून मन्त्री कार्कीले बताउनुभयो ।

मन्त्री कार्कीको संयोजकत्व मा गठित कार्यदलमा विराट नगर, कटहरी, ग्रामथान, बूढी गंगा, दुहवी, इटहरी र सुन्दर हरैंचा नगरपालिकाहरूका प्रमुखहरू सदस्य रहनुभएको थियो । त्यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शासकीय सुधार तथा समन्वय महाशाखाका सचिव उक्त कार्यदलको सदस्य सचिव हुनुहुन्थ्यो ।

# जेठाजुको हत्यामा संलग्न भाई बुहारी पक्राउ

झापा । झापाको कनकाई नगरपालिका-४ का ५५ बर्षीय पदम लाल बास्तोलाको हत्यामा संलग्न उनकै बुहारीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा (भाई बुहारी) कनकाई नगरपालिका-४ कि ४८ बर्षीया रनमाया बास्तोला रहेकि छन । पुस ७ गते बिहिबार शिवसताक्षी नगरपालिका-१० स्थित माईखोलाको बगरको काँस घारीमा पदम लाल बास्तोला मृत अवस्थामा फेला परेका थिए ।

घटनाको अनुसन्धानको क्रममा रनमाया बास्तोलाले पुस ६ गते मृतक बस्तोला संगै घाँस काट्न गएको बेला हँसिया प्रहारी गरी हत्या गरेको खुल्न आएको छ ।

पुस ८ गते हत्यामा प्रयोग भएको हँसिया सहित पक्राउ परेकि रनमायाको इलाका प्रहरी कार्यालय झिलझिलेबाट थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १



यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

# भद्रपुर झापा गोल्डकप अन्तराष्ट्रिय फुटवल प्रतियोगिता फागुन अन्तिम सातामा




विराटनगर । भद्रपुर झापा गोल्ड कप अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता यही फागुन अन्तिम साता हुने भएको छ ।

अखिल नेपाल फुटबल संघ ( एन्फा) सँगको छलफलपछि मिति तय हुने आज भद्रपुरमा आयोजित पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ ।

आयोजक समितिका अध्यक्ष दिपेश ढकालका अनुसार प्रतियोगिताका विजेताले नगद १३ लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ भने उपविजेता टिमले नगद ७ लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

प्रतियोगिताका लागि मेची रंगशालाको स्तरोन्नति सुरु भइसकेको महासचिव जीवनकुमार श्रेष्ठले जानकारी दिए । अत्यन्त जीर्ण अवस्थामा रहेको झापाकै पुरानो र स्थायी सो रंगशालामा झार रोप्ने र माटोको लेभल मिलाउने काम भइरहेको छ ।

झापा फुटबलको उर्वर भूमि हो भने सदरमुकाम भद्रपुर राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने थलो हो । जिल्लाको सबैभन्दा पुरानो र व्यवस्थित मेची रंगशाला देशका चर्चित र सफल खेलाडीहरुको प्रारम्भिक खेल मैदान हो ।

१८ वर्षअघि आयोजना भएको 'त्रिभुवन मेमोरियल गोल्डकप'पछि फुटबलका ठूला र प्रतिष्ठित खेलहरु आयोजना हुन नसक्दा मेची रंगशालाको खेल मैदान र थप पूर्वाधारलाई व्यवस्थित गर्न सकिएको थिएन ।

'यो प्रतियोगिता झापाको प्रतिष्ठित 'झापा गोल्डकप'कै निरन्तरताको एउटा कडी भएको पनि जानकारी गराउन चाहन्छौं', अध्यक्ष ढकालले भने । बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा आयोजना हुँदै आएको 'झापा गोल्डकप'लाई यस वर्ष रोकेर मेची रंगशालामा 'भद्रपुर झापा गोल्डकप' आयोजना गर्न लागिएको हो ।

प्रतियोगितामा नेपालका 'ए' डिभिजन क्लबहरुसहित विदेशी टोलीको सहभागिता रहने वरिष्ठ उपाध्यक्ष तथा टिम व्यवस्थापन तथा छनोट उपसमिति संयोजक आदित्य पराजुलीले जानकारी दिए । प्रतियोगितामा १० टिमको सहभागिता रहनेछ ।

खेल सञ्चालनका लागि भद्रपुर नगरपालिकाले चालु आर्थिक वर्षमा गोल्डकपका लागि ३० लाख रुपैयाँ बजेट छुट्याइएको नगरप्रमुख गणेश पोखरेलले जानकारी दिए ।

कुल १ करोड ५० लाख रुपैयाँ खर्च अनुमान गरिएको प्रतियोगिताका लागि बाँकी रकम व्यापारिक प्रतिष्ठनबाट स्पोन्सरका रुपमा संकलन गरिने सहकोषाध्यक्ष अजय साहेवालाले जानकारी दिए ।

प्रतियोगिताका उत्कृष्ट गोलकिप्पर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फवार्ड र उत्कृष्ट प्रशिक्षकलाई २५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याच खेलाडीलाई नगद १० हजार पुरस्कारको प्रदान गरिनेछ ।

यसैबीच, प्रतियोगिताका सबै खेलमा विशेष परिस्थितिका नागरिकलाई प्रवेश निःशुल्क गरिने भएको अध्यक्ष ढकालले बताए । ढकालका अनुसार भद्रपुर नगरभित्रका सरकारी विद्यालयका विद्यार्थीलाई खेल हेर्न टिकट लाग्ने छैन ।

त्यस्तै, नगरभित्रका ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकलाई पनि प्रवेश निःशुल्क गरिएको ढकालले जानकारी दिए ।

# मन्त्री परिषद् बैठक सम्पन्न, खेलाडीलाई सम्मान तथा पुरस्कृत गर्न बजेट स्वीकृत गर्ने सहितको निर्णय पारित

विराटनगर । प्रदेश नं. १ मन्त्रिपरिषद्को मंगलवार बसेको बैठकले केही कार्यविधिसहित निर्देशिका स्वीकृत गर्नेलगायतका निर्णयहरू गरेको छ । मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका पदक बिजेता खेलाडी, प्रशिक्षक तथा खेल व्यवस्थापकलाई सम्मान गर्न आवश्यक बजेट स्वीकृत गरेको छ । यो निर्णयपछि निर्वाचन आचारसंहितालगायतका कारणले रोकिएको पदक बिजेता खेलाडी, प्रशिक्षक तथा खेल व्यवस्थापकलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रम अघि बढ्ने छ ।

प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेका अनुसार, बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय द्वारा प्रस्तुत सार्वजनिक सुनवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि, २०७९ स्वीकृत गरेको छ ।

यसैगरी, सामाजिक विकास मन्त्रालयले प्रस्ताव गरेको स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९, सोही मन्त्रालयको ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९ र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका पदक बिजेता खेलाडी, प्रशिक्षक तथा खेल व्यवस्थापकलाई प्रदेश खेलकुद विकास बोर्डमार्फत खर्च गर्ने गरी नगद पुरस्कारसहित सम्मान गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत निकासा भएको बजेट बैठकले स्वीकृत गरेको छ ।

यस्तै, आज बसेको मन्त्रिपरिषद् बैठकले मिति २०७९ पुस ४ गते सोमाबार खोटाङ जिल्लाको केपिलासगढी गाउँपालिका वडा नं. ४, बाक्सिला बजारमा आगलागीमा भई भएको क्षतिप्रति दुःख व्यक्त गर्दै पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिनुभयो ।



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## जेम्स स्कुलमा ४ सय ५० जनाको नि:शुल्क आँखा परिक्षण

विराटनगर । भाष्कर आई केयर एण्ड ग्लोमा सेन्टर प्राली र नेपाल स्काउट जेम्स स्काउट ग्रुपको आयोजनामा विराटनगर १ स्थित जेम्स इन्टरनेशनल सेकेण्डरी बोडिङ स्कुलको आयोजनमा १ दिने नि:शुल्क आखाँ शिविरक शुक्रवार सम्पन्न गरेको गरिएको छ ।

भाष्कर आई केयर एण्ड ग्लोकोका नेत्र विशेषज्ञ डा. भाष्कर झाको नेतृत्वमा रहेको चिकित्सक टोलीमा जेम्स इन्टरनेशनल सेकेण्डरी बोडिङ स्कुलमा रहेका विद्यार्थी र उनीहरुका अभिभावक र शिक्षक, शिक्षिको आखाँ परिक्षण गरेको कार्यक्रम संयोजक तथा स्काउट मास्टर गोविन्द कुमारले जानकारि दिनुभयो ।

आखाँ मानिसको महत्वपुर्ण अंग भएको कारणले पनी आफनो विद्यालयमा अध्ययन रत वालवालिका तथा अभिभावकको आखाँ शिविर माफर्त परिक्षण गरिएको विद्यालयका प्रधानाध्यापक पंकज खड्काले बताए ।

आगामी दिनमा पनी निरन्तर रुपमा बालवालिकाको निशुल्क आखाँ परिक्षण गरिने भाष्कर आई केयर एण्ड ग्लोकोका नेत्र विशेषज्ञ डा. भाष्कर झाले बताउनुभयो । उक्त शिविरमा ४ सय ५० जनाको चेक जाँच गरिएको थियो ।

## प्रहरी कर्मचारीहरुलाई निर्देशन

बिराटनगर । नेपाल प्रहरी प्रधान कार्यालय कार्य बिभाग प्रमुख प्रहरी नायव महानिरीक्षक बसन्त बहादुर कुँवरबाट १ नम्बर प्रदेश अन्तरगतका जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयहरुमा स्थलगतरुपमा खटिई कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन दिनु भएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङ, सुनसरी र नेपाल प्रहरी बिशेष सुरक्षा गण दुहबी सुनसरीमा कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरलाई कानुनको परिधिमा रही प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरस पालना गरी प्रहरी कार्य गर्न र सीमावर्तीक्षेत्रमा हुने अपराध, चोरी तस्करी नियन्त्रण गरी नागरीकहरुको जिउ धनको सुरक्षामा खटिन तथा राजश्व चुहावट नियन्त्रण गर्न समेत कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनु भएको थियो ।

निर्देशनको क्रममा १ नम्बर प्रदेश प्रहरी प्रमुख सुदिप गिरीले धन्यवाद ज्ञापन सहित सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिनु भएको थियो ।


## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १



पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर


## राष्ट्रसेवक सहकारी संस्थाको रजत महोत्वको अवसरमा दुई दर्जन सदस्यका सन्तती सम्मानित



विराटनगर । राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले दुई दर्जन सदस्यका सन्ततीहरुलाई नगद सहित सम्मानित गरेका छन् ।

सम्मानीत हुनेहरुमा स्नाकोत्तर तह उपाधी हासिल गरेका तारादेवी शर्मा राजनीति शास्त्र, प्रविना पोखरेल ग्रामिण विकास, ऋत्विक तिवारी कम्प्युटर इन्जिनियरिङ, डा. एलिजा पौड्याल चिकित्सा विज्ञान, रमेश खतिवडा राजनीति शास्त्र, सुमन फुयल जनप्रशासन र टिकामाया अधिकारी मानव शास्त्रलाई सम्मान गरका छन् ।

त्यसैगरी स्नातक तह उपाधी हासिल गरेका शशिभुषण ठाकुर कानून, निषा कुसुम गौतम चिकित्सा शास्त्र नर्सिङ्ग, डा. आकृति सिंह पशु विज्ञान, डा. सराहना सुवेदी पशु विज्ञान, अनुषा काफ्ले इन्जिनियरिङ, डा. अभिषेक अधिकारी स्वास्थ्य विज्ञान, डा. कृति कुमारी वस्ती चिकित्सा दन्त, संदिपा निरौला चिकित्सा शास्त्र नर्सिङ्ग, विवेक तिम्सिना कानून, संजय किरकेट्टा चिकित्सा शास्त्रलाई नगद सहित गौन ओढाएर सम्मान गरका छन् । सोही अवसरमा १२ जना दश जोड दुई उतिर्ण गरेकाहरुलाई समेत सम्मान गरेका थिए ।

सोही अवसरका संस्थाका अध्यक्ष जीवन काफ्लेले भने संस्था अहिले तीन अर्बभन्दा कढी पूँजी निर्माण र परिचालन गर्न सक्षम रहेको वताएका थिए ।

संस्थाले आफ्ना सदस्यहरुलाई धितोको आधारमा न्यूनतम १२ प्रतिशत व्याजमा ५० लाख सम्मको ऋण लगानी गर्नुका साथै सदस्यहरुका छोरा-छोरीलाई विदेशमा उच्च शिक्षा अध्ययन गर्न हालसम्म ७५ जनालाई रकम उपलव्ध गराएको छ ।

उक्त संस्थामा सामाजिक उत्तर दायित्व अर्न्तगत सुत्केरी वापत सदस्यलाई पोषणभत्ता ५ हजार, ७५ वर्ष माथिका जेष्ठ सदस्यहररुलाई औषधि उपचार वापत वार्षिक २ हजार र मृत्य हुँदा क्रिया खर्चवापत १५ हजार उपलव्ध गराउने व्यवस्था रहेको छ ।

सामाजिक उत्तर दायित्व अर्न्तगत सुत्केरी वापत सदस्यलाई पोषणभत्ता पाँच हजार, मृत्य हुँदा क्रिया खर्चवापत १५ हजार र ७५ वर्ष माथिका जेष्ठ सदस्यहररुलाई औषधि उपचार वापत वार्षिक दुई हजार उपलव्ध गराउने व्यवस्था रहेको छ ।

त्यसैगरी उच्च शिक्षा अध्ययन सम्पन्न गरेका सदस्यहरुका परिवारका सदस्यहरुलाई रजत महोत्वको उपलक्ष्यमा सार्वजनिक रुपमा गाउन सहित सम्मान गर्ने कार्यक्रम रहेको अध्यक्ष काफ्लेले बताए ।

विसं २०४८ मा ३१ जना सदस्यहरुद्वारा स्थापित सहकारीको हाल मुलुकको ६८ जिल्लामा शाखा रहनुका साथै २५ हजार सदस्य रहको छ ।

## भागवत गिता छोएर सांसद शर्माले खाए सपथ

विराटनगर । मोरङको क्षेत्र नं.३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले आज संसद भवनमा सपथ ग्रहणका क्रममा भागवत गिता छोएर भ्रष्टाचार नगर्ने अठोट गरेका छन् । सांसदहरुको सपथ ग्रहणका क्रममा डा.शर्माले पद तथा गोपनीयताको सपथसँगै भ्रष्टाचार नगर्ने अठोट पनि गरेका हुन् ।

चुनावी अभियानका क्रममा उनले भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु सरह हुने भन्दै भ्रष्टाचार नगर्ने उद्घोष गरेका थिए । सोही अनरुप उनी कसम खानका लागि भागवत गिता बोकेरै संघीय संसद भवन नयाँ बानेश्वर पुगेका थिए । शर्मासहित सबै निर्वाचित सांसदहरुलाई ज्येष्ठ सदस्य राप्रपाका सांसद पशुपतिशमशेर जबराले सपथ ग्रहण गराएका हुन् । सोही क्रममा सांसद शर्माले भागवत गिता छोएर भ्रष्टाचार नगर्ने कसम पनि खाएका हुन् । भागवत गिता साँक्षी राखेर खाएको कसम साचो हुने धार्मिक मान्यता छ । भागवत गितामा कृष्णले अर्जुनलाई सत्यको पक्षमा लाग्न र असत्य, अन्याय, अत्याचारको विरुद्धमा लड्न शिक्षा दिएको हुँनाले सोही मार्ग पछ्याउँदै आफुले पनि भागवत गितालाई साँक्षी राखेर कसम खाएको सांसद शर्माको भनाई छ ।

पछिल्लो समय नेपाली राजनीतिमा झुट र भ्रष्टाचार



मोरंग क्षेत्र नं. ३ वाट निर्वाचित प्रतिनिधीसभा सदस्य डा. शुनिल शर्मा भागवत गिता वोकेर ।

मैलाएकाले सत्य र भ्रष्टाचाररहित राजनीतिलाई प्रश्रयदिन भागवत गीता छोएर भ्रष्टाचार नगर्ने कसम खाएको सांसद शर्मा बताउँछन् । 'अहिले नेपाली राजनीतिमा झुट र भ्रष्टाचार मैलाउँदै गएको छ । म सत्य र भ्रष्टाचाररहित राजनीति गर्नुपर्छ भन्ने मान्यता राख्छु' डा.शर्मा भन्छन्, 'मैले संसद भवनमै गीता छोएर कसम खाएको छु म कुनैपनि हालतमा भ्रष्टाचार गर्दिन ।'

समाजसेवी व्यक्तिको पहिचान बनाइसकेका डा.शर्माले राजनीतिलाई कमाई गर्ने थलोको रुपमा नभई जनताको सेवा गर्ने क्षेत्रका रुपमा स्थापित गर्नुपर्ने बताउँदै आएका छन् । उनले यसअघि नै सांसदको तलब भत्ता नलिई जनताको सेवा गर्ने घोषणा समेत गरिसकेका छन् । पूर्वमन्त्रीसमेत रहेका एमाले उम्मेद्वार भानुभक्त ढकाललाई २२ हजार ७ सय ३६ मतान्तरले हराउँदै डा.शर्मा प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका हुन् । कांग्रेस उम्मेद्वारहरु मध्ये सबैभन्दा बढी मतान्तरले बिजयी भएर डा.शर्माले पार्टीभित्र नयाँ रेकर्ड पनि कायम गरेका छन् ।


SUKRATARA FURNITURE UDYOG
9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

# खोटाङ आगलागि पिडितकालाई प्रदेश सरकारले पठायो राहत



विराटनगर । खोटाङको केपिलासगढि गाउँपालिका ४ बक्सिला बजारमा भएको आगलागी पीडित परिवारका लागि प्रदेश १ सरकारले राहत सामग्री पठाएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आगलागी पीडित परिवारका लागि खाद्यान्न, लत्ताकपडा सहितका सामग्री खोटाङ पठाएको हो ।

मन्त्रालयले त्रिपाल १८ थान, कम्मल २७ थान, चामल ४ सय ५० केजी रहर दाल ४५ केजी र चिनी ४५ केजी राहत सामग्री पठाएको हो । सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले पीडितलाई उचित राहतको व्यवस्था प्रदेश सरकारले गर्ने बताउनुभएको थियो ।

जस अनुसार प्रदेश १ को मन्त्रीपरिषद्को बैठकले पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको थियो । बक्सिला बजारमा दीपक गुरुङको घरबाट बिजुलीको तार सर्ट भई सुरु भएको आगलागीले बजार क्षेत्रका ५ घर जलेर नष्ट हुदा ४ करोड ९९ लाख ३३ हजार मूल्य बराबरको क्षति भएको छ ।

# विजय खेलाडीलाई शुभकामना



बिराटनगर । नेपाल प्रहरी स्कुल धरानका फुटवल टिमका बिजय खेलाडीहरुलाई १ नम्वर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले बधाई तथा शुभकामना दिनु भएको छ ।

मंसिर २१ गतेबाट नेपाल प्रहरी बिधालय साँगामा संचालित २८ औं अन्तर माध्यमिक बिधालय आई.जी.पी. फुटवल रनिङ ट्रफी २०७९ मा नेपाल प्रहरी स्कुल धरानका सहभागी फुटबल खेलाडी ले खेलमा प्रथम स्थान हाँसिल गर्न सफल भएका थिए ।

खेलमा सहभागी भई धरान फर्कि आएका बिधालयका प्राचार्य, समादेशक सहितको खेलमा प्रथम स्थान हाँसिल गर्न सफल खेलाडी टोलीलाई प्रदेश प्रहरी प्रमुख गिरीले खादा ओढाई बधाई तथा शुभकामना दिनु भएको हो ।

उक्त कार्यक्रममा नेपाल प्रहरी प्रदेश कार्यालय धरानका निमित्त कार्यलय प्रमुख सहित अन्य प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १

# कसरी थाहा पाउन सकिन्त स्तनमा भएको क्यान्सर ?

स्तन क्यान्सरबारे थप चर्चा गर्नुअघि एउटा प्रश्नको जवाफ थाहा पाउनु अनिवार्य छ- के पुरुषलाई स्तन क्यान्सर हुँदैन ?

पुरुषलाई पनि स्तन क्यान्सर हुन्छ। कैयौं चिकित्सकले समेत पुरुषलाई पनि स्तन क्यान्सर हुने सम्भावना रहेको बिर्सन्छन्। तर, महिलालाई हुने स्तन क्यान्सरको तुलनामा पुरुषलाई स्तन क्यान्सरको सम्भावना १५० गुणा कम हुन्छ । त्यसैले कुनै पनि पुरुषलाई स्तनमा (खास गरी एकापट्टि मात्रै) कुनै किसिमको गाँठो छ, जसमा कुनै पीडा छैन भने क्यान्सर हुनसक्छ। यसको परीक्षण गम्भीर रूपमा हुनुपर्छ, जति महिलालाई हुने स्तन क्यान्सरमा गरिन्छ ।

अब महिलालाई हुने स्तन क्यान्सरको चर्चा गरौं । यो रोग के हो र यसबारे के-कस्ता विषय पत्ता लागेका छन् भन्ने जानकारी तलका प्रश्न र जवाफको माध्यमबाट बुझौं ।

स्तन क्यान्सरबारे बुझ्न महिलाको जीवनमा भएका तीन चरणबारे जान्नुपर्छ, जुन एकदमै महत्वपूर्ण हुन्छन् ।

१. पहिलो पटक महिनावारी कहिले सुरु भयो ?

यदि महिनावारी निकै कम उमेर (११ वा १२ वर्ष)मा सुरु भएको छ भने कालान्तरमास्तन क्यान्सरको जोखिम धेरै हुन्छ ।

२. महिनावारी कहिले बन्द भयो ?

यदि, महिनावारी चाँडै रोकिएको छ (मोनोपज कम उमेरमै भएको अवस्थामा) भने स्तन क्यान्सरको जोखिम कम हुन्छ ।

३. पहिलो पटक गर्भवती हुँदा कति उमेर थियो ?

१८ देखि २० वर्षको उमेरमा गर्भवती भएकी महिलालाई स्तन क्यान्सरको जोखिम कम हुन्छ। ( तर, कम उमेरमा गर्भवती हुँदा अन्य जोखिम हुनसक्छ ।)

कुनै पनि महिलाको जीवनमा केही समय वा मिति निकै महत्वपूर्ण किन हुन्छन ?

महिनावारीको नियन्त्रण गर्ने काम हर्मोनका माध्यमबाट हुन्छ। यसमा एस्ट्रोजन, प्रोजेस्ट्रोनजस्ता हर्मोन सामेल हुन्छन् । स्तन क्यान्सर हर्मोनमा आधारित हुने भएकाले बिरामीमा महिलाको जीवनमा हुने माथिका तीन घटना भएका मिति वा समय निकै महत्वपूर्ण मानिन्छन् ।

के यी हर्मोनबाहेक अन्य कारणले पनि स्तन क्यान्सरको जोखिम हुन्छ ?

हुन्छ । हर्मोनबाहेक अन्य थुप्रै कारण छन्, जसले स्तन क्यान्सर हुनसक्छ। केही कारण यस्ता छन ।

१. निकै धेरै क्यालोरी वा घिउ तेल भएको खानेकुरा खानु ।

२. रक्सी नियमित सेवन गर्नु ।

३. मोनोपजपछि कुनै पनि किसिमको ‘हर्मोन रिप्लेसमेन्ट थेरापी’ नगर्नु ।

के गर्भनिरोधक चक्की वा ‘ओरल कन्ट्रासेप्टिव पिल्स’का कारण पनि क्यान्सर हुन्छ ?

केही अध्ययनले गर्भ निरोधक चक्कीहरूको सेवनबाट क्यान्सरको जोखिम हुने देखाएका छन । ‘हर्मोन रिप्लेस्मेन्ट थेरपी’को विषयमा पनि यस्तै चिन्ता व्यक्त गरिएको छ । तर, कुनै पनि अध्ययन वा अनुसन्धानले यो शंकालाई पूर्णरूपमा प्रमाणित भने गर्दैनन् । अहिले पनि महिलालाई गर्भनिरोधक पिल्स दिने गरिन्छ । यस्ता पिल्सहरू सुरक्षित भएको बताइए पनि कैयौं शंका भने अहिले पनि छन् ।

स्तन क्यान्सरलाई सुरुवाती चरणमा थाहा पाउन सकिन्छ ?

स्तन क्यान्सर सुरुवाती अवस्थामा नै थाहा पाउन सकिन्छ। थाहा पाउनु आवश्यक पनि छ। किनकि, सुरुवाती चरणमा यसको पहिचान गर्न सके पूर्ण रूपमा उपचार गरेर स्वस्थ बनाउन सहज हुन्छ ।

कसरी थाहा पाउन सकिन्छ स्तनमा भएको क्यान्सर ?

यो कुरा हरेक महिलाहरूको लागि महत्वपूर्ण छ । उनीहरू आफैंले आफ्नो स्तनलाई (जब उनीहरू नुहाइरहेको अवस्थामा हुन्छन् वा अरु कुनै बेला, जब सम्भव हुन्छ) राम्रोसँग दबाएर निगरानी गर्न आवश्यक हुन्छ । यसो गरेर स्तनमा कुनै पनि किसिमको गाँठो आएको छ वा छैन भन्ने थाहा पाउन सकिन्छ। कमसेकम हरेक महिना एकपटक महिलाले यसरी आफ्नो स्तन नियाल्न आवश्यक छ ।

यसो गर्दा यदि स्तनको कुनै पनि भागमा सानो गाँठो महसुस भए त्यसलाई बेवास्ता गर्न हुँदैन। यसो भए तुरुन्तै चिकित्सकसँग सल्लाह लिनुपर्छ । यसैगरी स्तनको कुनै पनि भाग धेरैभित्र पसेको वा बाहिर आएर तल्तिर झुकेको छ भने पनि चिकित्सकसँग सल्लाह लिन आवश्यक हुन्छ ।

मनोपजको उमेरमा अक्सर यस्ता गाँठाहरू क्यान्सर नभएर फाइब्रोसिस्टिक रोगको कारण हुन सक्छ। यस्तोमा चिकित्सकले तपाईंलाई निगरानी र जाँचका लागि पुनः बोलाउन सक्छन्। जसबाट चिकित्सकले उक्त गाँठोलाई लिएर थप चेकजाँच र उपचार आवश्यक भए नभएको थाहा पाउन सक्छन् ।

जस्तो कि, तपाईंको स्तनमा कुनै पनि किसिमको गाँठो महसुस भएको छ, जुन ठोस रुपमा नदुख्ने छ र छालाको माथिल्लो वा तल्लो भागमा टाँसिएको छ भने तत्कालै चिकित्सकसँग सल्लाह लिनुपर्छ। यसो गरेमा समयमा नै क्यान्सरलाई पहिचान गरेर उपचार गराइ ज्यान बचाउन सकिन्छ ।

स्तन क्यान्सर पहिचान गर्न चिकित्सकले कुन विधिबाट जाँच गर्छन ?

सबैभन्दा महत्वपूर्ण परीक्षण भनेको शरीरमा आएका गाँठोको ‘बायोप्सी’ परीक्षण हो। सामान्यतः हामी बायोप्सीको नाम सुन्ने बित्तिकै डराउँछौं । यसलाई कुनै ठूलो उपचार विधि सोचेर पन्छिने कोसिस गर्छौं । यो गल्ती गर्नुहुँदैन। यदि, चिकित्सकले बायोप्सी गर्न भनेको छ भने, त्यो आवश्यक छ। सानो शल्यक्रियाबाट थाहा पाउन सकिन्छ, गाँठो क्यान्सर हो वा होइन भनेर ।

त्यसो त स्तनको मैमोग्राफी, एमआरआई वा अल्ट्रासाउण्डजस्ता परीक्षणबाट पनि थाहा हुन्छ। तर, चिकित्सकका लागि यी विधिहरू एउटा गाइडको रूपमा काम गर्छन्। क्यान्सर हुने सम्भावना देखिएमा बायोप्सी गरेरै क्यान्सर भए नभएको पत्ता लगाइन्छ। एमआरआई वा अल्ट्रासाउण्डजस्ता विधिबाट ठ्याक्कै क्यान्सर भए नभएको थाहा पाउन सकिदैन। यी जाँचहरूले चिकित्सकलाई सहायता गर्न र बायोप्सी गर्ने वा नगर्ने भन्ने निर्णय गर्न भने सघाउँछ ।

कहिलेकाँही यो पनि भनिन्छ कि गर्भवती वा बच्चालाई दुध खुवाइरहेकी महिलाको स्तनमा कैयौं गाँठा आउँछन्, जसबारे चिन्ता लिनु पर्दैन। तर, यस्तो होइन। यस्ता महिलाहरूको स्तनमा गाँठो आएमा अरु महिलामा जस्तै क्यान्सर हुने जोखिम हुन्छ ।

के महिलाले आफ्नो स्तनको नियमित मेमोग्राफी परीक्षण गराउनु पर्छ ?

भनिन्छ, यो एक्सरे गरेमा सुरुवाती चरणमा रहेको स्तन क्यान्सरबारे थाहा पाउन सकिन्छ । तर, नियमित मेमोग्राफी मेडिकल क्षेत्रमा एउटा निकै विवादित विषय हो ।

५० वर्षभन्दा माथि उमेरका महिलाले हरेक वर्ष मेमोग्राफी गरेर आफ्नो स्तनमा कुनै क्यान्सर भएको वा नभएको थाहा पाउन सकिने बताइन्छ। आजभोलि ४० वर्षमाथिका महिलाले हरेक वर्ष यो परीक्षण गराउनु पर्ने सल्लाह दिइन्छ । यसलाई चिकित्सकले ‘स्क्रिनिङ मेमोग्राम’ भन्ने गर्छन् ।

यसरी स्क्रिनिङ गर्दा कुनै पनि किसिमको शंका लाग्ने अवस्था थाहा भएमा त्यसलाई एमआरआई वा डायग्नोस्टिक मेमोग्राफीमार्फत थप परीक्षण गर्न सकिन्छ। तर, कतिपय मान्छेहरू भने नियमित मेमोग्राफीको विपक्षमा छन् । उनीहरूका अनुसार नियमित एक्सरे प्रयोग गर्दा त्यसबाट आउने किरणका कारण स्तन क्यान्सर हुन सक्ने सम्भावना हुन्छ ।

त्यसो भए, के सोनोग्राफीद्वारा स्क्रिनिङ हुन सक्छ ?

हुन सक्दैन, यद्यपि, यो सुरक्षित, सुलभ र सस्तो छ। सोनोग्राफी गर्दा मेमोग्राफीबाट पत्ता लाग्ने जस्ता जानकारीहरू थाहा हुँदैन। कैयौं गाँठाहरू, जसमा तरल पदार्थ छन् भने, सोनोग्राफीबाट पत्ता लगाउन सकिन्छ । यस्तोमा सोनोग्राफीपछि सुईले तरल पदार्थ निकालेर थप परिक्षण गर्न सकिन्छ ।

उल्लेखित प्रश्नोत्तरमा सबैभन्दा महत्वपूर्ण र याद गर्नुपर्ने कुरा स्तन क्यान्सरका लागि सबैभन्दा महत्वपूर्ण परीक्षण बायोप्सी हो । बायोप्सीविना कुनै पनि चिकित्सकले पूर्ण रूपमा स्तनमा भएको गाँठो क्यान्सर भएको वा नभएको भन्न सक्दैन ।

त्यसैले, तपाईंको चिकित्सकले यो परीक्षणको सल्लाह दिएका छन् भने तपाईंले अन्य परीक्षणमा समय बर्बाद नगरी बायोप्सी नै गर्नु उचित हुन्छ। यसले समयमा नै शरीरमा भएको क्यान्सरको पहिचान गर्न र डायग्नोसिस गराउन सहयोग मिल्छ। जति ढिलो भयो, त्यति नै जोखिम हुन्छ र शल्यक्रिया पनि खर्चिलो हुन जान्छ ।

